# संविधान निर्माणको दस महिने रोडम्याप

भुवन केसी/तिलक पाठक

***प्रकाशित मिति:*** **बैशाख २२, २०७१**

संविधानसभाले २०७१ माघभित्रै संविधान जारी गर्नेगरी दसमहिने कार्यतालिका (रोडम्याप) पारित गरी संविधानसभा समितिहरुको नेतृत्व छनौट गर्‍यो । प्रमुख विपक्षी दल एकीकृत नेकपा माओवादीले संविधान निर्माण र शान्ति प्रक्रियाका काममा सहमति गर्न प्रमुख दलका शीर्ष नेता रहेको उच्चस्तरीय राजनीतिक संयन्त्रको माग गरेपनि सत्तारुढ दलहरुले सहमति जनाएनन् । त्यसपछि एकीकृत माओवादीले पहिचानसहितको संघीयता पक्षधरबीच मोर्चाबन्दी गर्ने भन्दै केही मधेसवादी दल र संघीय समाजवादी पार्टीसँग छलफल सुरु गर्‍यो । सर्वोच्च अदालतले संक्रमणकालिन न्याय व्यवस्थापनको संयन्त्र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन नहुँदासम्म द्वन्दकालमा भएका हत्या, वलात्कार, अपहरणलगायत अपराधको छिनोफानो प्रचलित कानुन र अदालतबाटै हुने फैसला गरिदियो । वैशाख १२ मा सत्तारुढ नेपाली कांग्रेस र नेकपा एमालेका अधिकांश सभासदको तीव्र विरोधबीच सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोग गठनका लागि सरकारले व्यवस्थापिका संसदमा पेस गरेको विधेयक संशोधनसहित बहुमतले पारित गर्‍यो ।

## यस्तो छ दस महिने रोडम्याप

संविधानसभा सचिवालयले विभिन्न समय र स्वरुपका जनआन्दोलनका उपलब्धिसहित राजनीतिक परिवर्तन संस्थागत गर्ने 'नेपालको संविधान २०७१' माघभित्रै जारी गर्नेगरी दसमहिने कार्यतालिका (रोडम्याप) बनायो[1] जसलाई संविधानसभा वैठकले चैत्र २१ मा पारित गर्‍यो । कार्यतालिकाअनुसार आगामी माघमा सबै सभासदले हस्ताक्षर गरी सभाध्यक्षले प्रमाणीकरण गरेको संविधान प्रति राष्ट्रपतिले हस्ताक्षर गरेर प्रारम्भ भएको घोषणा गर्नेछन् ।[2] (विस्तृत बक्समा हेर्नुस्)

दलहरुले संविधानसभा समितिहरुको नेतृत्वमा सहमति गरे जसअनुसार संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति सभापतिमा एकीकृत माओवादी उपाध्यक्ष बाबुराम भट्टराई, संविधान अभिलेख अध्ययन तथा निर्क्योल समिति सभापतिमा नेकपा (एमाले) का विष्णु पौडेल र संविधान मस्यौदा समिति सभापतिमा कांग्रेस महामन्त्री कृष्ण सिटौलाको नाममा सहमति भयो । त्यस्तै, नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिमा नेकपा संयुक्तकी प्रमिला राणा र क्षमता अभिवृद्धि तथा स्रोतव्यवस्थापन समिति सभापतिमा मधेसी जनअधिकार फोरम नेपालकी लक्ष्मी चौधरी चयन भए ।

---

[1] पाण्डे, बलराम । दसमहिने संविधान रोडम्याप तयार : २०७१ माघमा नयाँ संविधान । चैत्र २१, २०७० । नागरिक दैनिक ।

[2] पाण्डे, बलराम । दसमहिने संविधान रोडम्याप तयार: २०७१ माघमा नयाँ संविधान । चैत्र २१, २०७० । नागरिक दैनिक ।

### तालिका १ : संविधान निर्माण कार्यतालिका

| | |
|---|---|
| **२०७१ वैशाख १५** | सबै समितिका सभापति निर्वाचन गर्ने |
| **२०७१ जेठ-साउन** | निर्क्योल समितिले निर्क्योल गरेका विषय सभामा पेस गर्ने, सहमति मस्यौदा समितिमा पठाउने र असहमति राजनीतिक-संवाद समितिमा पठाउने । |
| **२०७१ भदौ** | संवाद समितिले सभाभित्र र बाहिरका दलसँग छलफल गरी सहमति कायम गर्ने । |
| **२०७१ असोज** | सहमति हुन नसके पुनः निर्णयार्थ संविधानभामा प्रतिवेदन पेस गर्ने । |
| **२०७१ कात्तिक** | संविधानको पहिलो मस्यौदा जनताकहाँ पठाउने । |
| **२०७१ मंसिर** | जिल्लामा पुगेर जनताको राय लिने । |
| **२०७१ पुस** | पहिलो मस्यौदाको विधेयक सभामा पेस गर्ने, संविधानका सबै धारा, प्रस्तावना र नामसहित सम्पूर्ण भाग सभाबाट पारित गर्ने । |
| **२०७१ माघ** | संविधानमा संविधानसभा सदस्यहरूले हस्ताक्षर गर्ने र अध्यक्षले विधेयक प्रमाणित गर्ने, राष्ट्रपतिद्वारा संविधान प्रति हस्ताक्षर गरी नयाँ संविधान प्रारम्भ भएको घोषणा गर्ने । |

यता प्रमुख विपक्षी दल एकीकृत नेकपा माओवादीले संविधान निर्माण र शान्ति प्रक्रियाका काममा सहमति गर्न प्रमुख दलका शीर्ष नेता रहेको उच्चस्तरीय राजनीतिक संयन्त्रको माग गरिरहेका वेला प्रधानमन्त्री सुशील कोइरालाले भने संविधानसभा वाहिर त्यस्तो संयन्त्र गठन गर्न नहुने बताए । सुरुमा चुनावको स्वच्छतामाथि प्रश्न उठाएको एमाओवादीलाई संविधानसभामा ल्याउन पुस ९ मा प्रमुख तीन दलवीच उच्चस्तरीय संयन्त्र गठन गर्ने सहमति भएपनि त्यसवारे कांग्रेसभित्रै विरोध भएपछि कोइराला पछि हटेका हुन् ।[3] यता, एकीकृत माओवादीले पहिचानसहितको संघीयता पक्षधरबीच मोर्चाबन्दी सुरु गऱ्यो । केही मधेसवादी दल र संघीय समाजवादी पार्टीले मोर्चामा सहभागी हुन सहमति जनाए । तीन शक्तिबीच साझा ‘रणनीतिक मोर्चा’ बनाउने विषयमा छलफल भयो ।[4]

## सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयक पारित

सर्वोच्च अदालतले चैत्र १९ मा संक्रमणकालिन न्याय व्यवस्थापनको संयन्त्र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन नहुँदासम्म द्वन्दकालमा भएका हत्या, वलात्कार, अपहरणलगायत अपराधको छिनोफानो प्रचलित कानुन र अदालतबाटै हुने फैसला गऱ्यो । ‘दैलेखका पत्रकार डेकेन्द्र थापाको

[3] बानियाँ, बलराम र न्यौपाने, कुलचन्द्र । २०७० चैत्र २६ । ‘राजनीतिक संयन्त्र आवश्यक छैन’ । कान्तिपुर पृ. १ ।

[4] लामिछाने, प्रशान्त । दाहाल निवासमा दिवाभोज : पहिचान संघीयतामा फेरि मोर्चाबन्दी । वैशाख ७, २०७१ । नागरिक दैनिक ।

हत्यामा संलग्नमाथि अनुसन्धान रोक्ने पुर्व प्रधानमन्त्री बाबुराम भट्टराई र उनका कानुनी सल्लाहकार महान्यधिवक्ता मुक्ति प्रधानको आदेशविरुद्ध परेको रिटमाथि यस्तो निर्णय सुनाइएको हो ।'[5] 'विस्तृत शान्ति सम्झौता भएको यतिका वर्षसम्म पनि संक्रमणकालीन न्याय व्यवस्थापनका लागि उच्चस्तरीय सत्यनिरुपण तथा मेलमिलाप आयोग गठन गर्ने व्यवस्था नगरेको देखिन्छ । कानुन निर्माण नभएकाले के-कस्ता प्रकृतिका घटनामा निवेदन पर्ने भन्ने किटान हुन नसकेको र सो अवस्थामा द्वन्द्वकालीन घटना र निवेदनका सम्बन्धमा कानुनबमोजिम अनुसन्धान तथा अभियोजन (मुद्दा दायर) नियमित न्यायप्रणालीअन्तर्गत हुनेछ' सर्वोच्चको फैसलामा उल्लेख छ ।[6]

लोकतान्त्रिक मुलुकमा कानुन र न्यायप्रणाली कहिल्यै सुषुप्त नहुने स्मरण गराउँदै सर्वोच्चको आदेशमा भनिएको छ, 'फौजदारी अपराधको सूचना प्राप्त गर्ने, कानुनबमोजिम अनुसन्धान र अभियोजन गर्नेलगायत कार्य सम्पन्न गरी न्यायिक प्रक्रिया अगाडि बढ्छ, नियमित फौजदारी न्याय प्रक्रिया स्थगन हुँदैन, गतिशील हुन्छ ।' पीडकलाई क्षमादान दिने वा नदिने भन्ने पीडित पक्षको चाहनामा भर पर्ने विषय भएकाले आफूविरुद्ध भएका अन्यायको उपचार खोज्न पीडित पक्ष पूर्ण रूपमा सार्वभौम र स्वतन्त्र रहने फैसलामा उल्लेख छ । नागरिकको त्यस्तो अधिकारलाई संक्रमणकालीन न्यायप्रणालीले संकुचन गर्न वा नियन्त्रण गर्न नसक्ने भएकाले तत्कालीन महान्यायाधिवक्ता प्रधानले लेखेको पत्रलाई सर्वोच्चले 'गैरकानुनी' भनेको छ । यसले डेकेन्द्र प्रकरणसँगै द्वन्द्वकालका अन्य घटनाको अनुसन्धान र मुद्दा दायर गर्ने बाटो मात्र खुला गरेन, द्वन्द्वकालीन घटनामा अनुसन्धान नरोकिने भएको छ । यसका साथै सरकार र राजनीतिक दलहरूलाई छिटोभन्दा छिटो सत्यनिरुपण तथा मेलमिलाप आयोग गठन गर्न दबाब पनि परेको छ ।

### तालिका २ : सर्वोच्चको आदेशमा के छ ?

| |
|---|
| • संक्रमणकालीन न्याय व्यवस्थापनको प्रबन्ध भइनसकेको अवस्थामा द्वन्द्वकालीन मुद्दा भनी अनुसन्धान रोक्न र मुद्दा चलाउने कार्य रोक्न मिल्दैन । |
| • विस्तृत शान्ति सम्झौता भएको सात वर्षसम्म पनि संक्रमणकालीन न्याय व्यवस्थापनका लागि उच्चस्तरीय सत्यनिरुपण तथा मेलमिलाप आयोग गठन गर्ने व्यवस्था गरिएन । |
| • लोकतान्त्रिक मुलुकमा कानुन र न्यायप्रणाली कहिल्यै सुषुप्त रहँदैन, फौजदारी अपराधको सूचना प्राप्त गर्ने, कानुनबमोजिम अनुसन्धान र अभियोजन गर्नेलगायत कार्य सम्पन्न गरी न्यायिक प्रक्रिया अगाडि बढ्छ, स्थगन हुँदैन । |
| • पीडकलाई क्षमादान दिने वा नदिने भन्ने पीडित पक्षको चाहनामा भर पर्ने विषय भएकाले आफूविरुद्ध भएका अन्यायको उपचार खोज्न पीडित पक्ष पूर्ण रूपमा सार्वभौम र स्वतन्त्र रहन्छ । |

[5] खड्का, घनश्याम । २० चैत्र, २०७० । आयोग नबनुन्जेल प्रचलित कानुनअनुसारै । कान्तिपुर पृ. १ ।

[6] सर्वोच्चको फैसला । १९ चैत्र, २०७० ।

त्यसो त त्यसको भोलीपल्टै सशस्त्र द्वन्द्वकालमा भएका 'हत्या, व्यक्ति बेपत्ता, यातना, बलात्कारलगायत गम्भीर अपराधमा क्षमादान नहुने' प्रावधानसहित सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोग गठन गर्न विशेषज्ञ कार्यदलले सरकारलाई सुझाव दियो । तर, कार्यदलको प्रतिवेदन सर्वसम्मत भने भएन । पीडितसँग छलफल नगरी मस्यौदा गरिएको, नेपाली कांग्रेसबाट निर्वाचन हारेका व्यक्तिलाई सहभागी गराइएको, एमाओवादीलाई बेवास्ता गर्दै मस्यौदा गर्ने कार्य भएकाले आफ्नो असहमति रहेको भन्दै सरोकारवालाका तर्फबाट सहभागी मञ्जिमा ढकाल बैठकमा अनुपस्थित रहिन् । त्यस्तै एमाओवादीलाई पनि मस्यौदा चित्तबुझ्दो भएन । चैत २३ मा एकीकृत नेकपा माओवादीले सत्यनिरुपण तथा मेलमिलाप र बेपत्ता छानबिन आयोग गठनसम्बन्धी विधेयकको मस्यौदामा असहमति जनाउँदै 'गम्भीर मानवअधिकार उल्लंघनका घटनामा क्षमादानको व्यवस्थालाई लचकतासाथ राख्न' माग गऱ्यो ।[7] विधेयक मस्यौदा सुझावका लागि गठित तीन दलीय कार्यदलको बैठकमा एमाओवादीले मस्यौदा बृहत शान्ति सम्झौताको मर्मविपरीत भएको भन्दै क्षमादानको प्रावधानमा लचिलो हुनुपर्ने अडान लिएको हो । कांग्रेस र एमाले भने यसको विपक्षमा देखिए ।

एमाओवादीले द्वन्द्वकालका घटनामा मेलमिलापबाट समाधान खोज्नुपर्ने जिकीर गऱ्यो । मेलमिलाप हुनै नसक्ने अवस्थामा मात्र कारबाही प्रक्रियामा जानुपर्ने उसको धारणा थियो । एमाओवादीले अदालतमा विचाराधीन द्वन्द्वकालका सबै मुद्दालाई आयोगको क्षेत्राधिकारभित्र ल्याउनुपर्ने मागसमेत राख्यो जसमा भने कांग्रेस-एमाले लचिलो देखिए । एमाओवादीका शीर्ष नेताले प्रधानमन्त्री सुशील कोइरालालाई भेटेर दलीय सहमतिका आधारमा मात्रै सत्यनिरुपण र बेपत्ता आयोग गठनसम्बन्धी मस्यौदा ल्याउन सरकारको ध्यानाकर्षण गराए । चैत २६ मा सरकारले सर्वोच्चको आदेश र अन्तर्राष्ट्रिय कानुनी मान्यताविपरीत सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोग गठन विधेयक संसदमा दर्ता गरायो । विधेयक संसदमा दर्ता गराएपछि पीडीतहरूले भने त्यसै दिन सिहंदरवार अगाडी धर्ना दिए । 'गम्भीर मानवअधिकार उल्लंघन हुने जघन्य अपराधमा संलग्नलाई आममाफीको व्यवस्था नराखी आयोग बनाएर द्वन्द्वकालका घटना सत्यनिरुपण गर्न' सर्वोच्चले आदेश दिएको थियो । गम्भीर मानवअधिकार उल्लंघनका घटनामा पनि आममाफी दिन सकिने व्यवस्था राखिएकै कारण सर्वोच्चले तत्कालीन बाबुराम भट्टराई सरकारले ल्याएको अध्यादेश खारेज गरिदिएको थियो ।

वैशाख २ मा राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले भने संसदमा दर्ता गरिएको विधेयकमा जघन्य अपराधमा पनि आयोगले नै आममाफी दिनसक्ने प्रावधान राखिएकोमा गम्भीर चिन्ता प्रकट गऱ्यो । कार्यालयकी उच्चायुक्त नाभी पिल्लेले विज्ञप्ति जारी गरी अन्तर्राष्ट्रिय कानुनको सम्मान गर्न नेपाल सरकारसँग आग्रह गरेकी हुन् । 'गम्भीर प्रकारका मानवअधिकार हननमा दोषीलाई आममाफी दिने नयाँ प्रयासले मलाई असाध्यै चिन्तित बनाएको छ' विज्ञप्तीमा उल्लेख थियो । वैशाख ३ मा विशेष अदालत गठन गरी सशस्त्र द्वन्द्वकालका मुद्दा हेर्नेगरी सत्यनिरुपण गर्न संविधानसभाका प्रमुख दलहरू सहमत भए । नेपाली कांग्रेस, नेकपा एमाले, एकीकृत नेकपा माओवादी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा (माले) लगायत दलले विधेयकमा यस्तो व्यवस्था गरी पारित गर्न सहमति जनाएका थिए ।

[7] अधिकारी, बालकृष्ण । चैत्र २४, २०७० । नागरिक दैनिक ।

वैशाख १२ मा सत्तारुढ नेपाली कांग्रेस र नेकपा एमालेका अधिकांश सभासदको तीव्र विरोधबीच सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोग गठनका लागि सरकारले व्यवस्थापिका संसदमा पेस गरेको विधेयक संशोधनसहित बहुमतले पारित गऱ्यो । दलीय ह्विपका कारण उनीहरु समर्थन जनाउन बाध्य भएपछि विधेयकमा बहुमत जुटेको हो । प्रमुख विपक्षी एकीकृत माओवादीका सभासदले भने समर्थन जनाउँदै विधेयकको स्वागत गरे । बलात्कार, बलपूर्वक व्यक्ति बेपत्ता पार्ने कार्य, हत्या, अपहरण, यातना तथा गम्भीर प्रकृतिका अन्य अपराधमा संलग्न पीडकलाई आयोगले क्षमादानका लागि सिफारिस गर्न नसक्ने गरी संशोधन गर्न धेरैजसो सभासदले आग्रह गरेका थिए । तर, पारित विधेयकमा कुनै संशोधन गरिएन । क्षमादान दिन नसक्ने गम्भीर प्रकृतिका विषय किटान गर्न संसदबाहिर विभिन्न समूहले माग गर्दै आए पनि विधेयकले सम्बोधन गरेन । सत्तारुढ कांग्रेसका सभासद गगन थापाले दफा २६ को क्षमादानसम्बन्धी व्यवस्थामा बलात्कार, बलपूर्वक व्यक्ति बेपत्ता पार्ने कार्य, हत्या, अपहरण, यातना तथा गम्भीर प्रकृतिका अन्य अपराधमा संलग्न पीडकलाई आयोगले क्षमादानका लागि सिफारिस गर्न नसक्ने गरी संशोधन गर्न प्रस्ताव गरेका थिए । दलीय ह्विपका कारण बाध्य भएर प्रस्ताव फिर्ता लिनुपरेको थापाको भनाइ रह्यो ।[8]

### ह्युमन राइट्सको प्रतिवेदनप्रति सरकारको आपत्ति

तिब्बती शरणार्थीमाथि दमन गरेको भन्ने अन्तराष्ट्रिय मानवअधिकारवादी संस्था ह्युमन राइटस् वाचको प्रतिवेदनप्रति नेपाल सरकारले कडा आपत्ति प्रकट गऱ्यो । 'चीनको छायाँमा तिब्बती शरणार्थीलाई नेपालमा दुर्व्यवहार भन्ने हयुमन राइट वाचको हालै प्रकाशित प्रतिवेदनले नेपाल सरकारको ध्यान तानेको छ, परराष्ट्र मन्त्रालयद्धारा विहीवार जारी विज्ञप्तीमा भनिएको छ, 'दुई छिमेकीवीचको सम्बन्ध विगार्ने खालको यो प्रतिवेदन गलत, भडकाउने खालको र वद्नियतपुर्ण छ ।'[9]

'चीनको दबाबमा नेपालमा तिब्बतीमाथि दुर्व्यवहार' शीर्षकको ह्युमन राइट्सको प्रतिवेदन आधारहीन, उत्तेजक र द्वेषपूर्ण रहेको ठहर गर्दै यस्ता क्रियाकलाप भविष्यमा नदोहोऱ्याउन सरकारले चेतावनी दियो । 'मानवअधिकारका नाममा यो अनावश्यक राजनीतिकरण हो, हामी आशा गर्छौं, यस प्रकारको क्रियाकलाप भविष्यमा दोहोरिने छैन,' प्रतिवेदनप्रति आपत्ति जनाउँदै परराष्ट्र मन्त्रालयले विज्ञप्ती जारी गऱ्यो । नेपाल सन् १९५१ को शरणार्थीसम्बन्धी महासन्धि र सन् १९६७ को प्रोटोकलको पक्षधर नभए पनि हालसम्म शरणार्थीलाई मानवीयताको नाताले मात्रै शरण दिँदै आएको परराष्ट्रको भनाई थियो । सामाजिक आर्थिक परिस्थितिका कारण शरणार्थीसम्बन्धी थप बोझ नेपालले झेल्न नसक्ने पनि परराष्ट्रले स्पष्ट पाऱ्यो । 'शरणार्थीलाई फिर्ता नपठाउने सिद्धान्तको नेपाल सम्मान गर्छ तर उनीहरूले देशको कानुन तथा परराष्ट्र नीतिको सिद्धान्त उल्लंघन गर्न पाउँदैनन् भनेर हामीले बारम्बार भन्दै आएका छौं,' परराष्ट्रले विज्ञप्तीमा उल्लेख गऱ्यो ।

---

8 पाण्डे, बलराम । नागरिक दैनिक ।

9 खड्का, घनश्याम । चैत्र २१, २०७० । हयुमन राइट वाचको रिपोर्टमा नेपालको आपत्ति । कान्तिपुर, पृ. ३ ।

### सर्वोच्चमा न्यायधीश सिफारिस, बारको आपत्ति

संवैधानिक परिषदको वैठकले प्रधानन्यायधीशमा दामोदर शर्मालाई नियुक्त गर्न सिफारिस गर्‍यो जसअनुसार चैत्र २८ मा शर्मा सर्वोच्चको प्रधान न्यायधीशमा नियुक्त भए । त्यस्तै न्यायपरिषदले सर्वोच्च अदालतको स्थायी न्यायाधीश पदमा नियुक्तिका लागि आठजनाको नाम सिफारिस गर्‍यो जसमा वैद्यनाथ उपाध्याय, गोपाल पराजुली, दीपकराज जोशी, गोविन्दकुमार उपाध्याय, देवेन्द्रगोपाल श्रेष्ठ, चोलेन्द्रशमशेर राणा, जगदीश शर्मा पौडेल र ओमप्रकाश मिश्र परे । तर, परिषदका सदस्य तथा सर्वोच्चका न्यायाधीश रामकुमारप्रसाद साहले दीपकराज जोशी र गोविन्द कुमार उपाध्यायको नाममा असहमति राखे । सर्वोच्च अदालतको न्यायाधीश हुन योग्य नभएको भन्दै साहले ‘नोट अफ डिसेन्ट’ लेखे ।[10] १५ जना स्थायी न्यायाधीश रहने सर्वोच्चमा १० जनाको पद रिक्त भए पनि न्यायपरिषदले ८ जनाको मात्रै सिफारिस गरेको हो । न्यायपालिकाको एउटा पाटो बारलाई बेवास्ता गर्दै निर्णय गरेको भन्दै नेपाल बार एसोसियसनले भने आपत्ति जनायो ।

### निष्कर्ष

संविधानसभाले २०७१ माघभित्रै संविधान जारी गर्नेगरी दसमहिने कार्यतालिका (रोडम्याप) पारित गरी संविधानसभा समितिहरुको नेतृत्व छनौट गर्‍यो । यसले संविधान निर्माणप्रति आशा जगायो । यद्यपी प्रमुख विपक्षी दल एकीकृत नेकपा माओवादीले संविधान निर्माण र शान्ति प्रक्रियाका काममा सहमति गर्न प्रमुख दलका शीर्ष नेता रहेको उच्चस्तरीय राजनीतिक संयन्त्र गठन हुनुपर्ने भनी गरेको प्रस्तावप्रति सत्तारुढ दलहरुले सहमति नजनाएको र त्यसलगत्तै एकीकृत माओवादीले पहिचानसहितको संघीयता पक्षधरबीच मोर्चाबन्दी गर्ने भन्दै मधेसवादी दल र संघीय समाजवादी पार्टीसँग छलफल चलाएपछि निर्धारित मितिमै संविधान निर्माण हुने कुरामा ढुक्क हुने स्थिती भने रहेन ।

सर्वोच्च अदालतले संक्रमणकालिन न्याय व्यवस्थापनको संयन्त्र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन नहुँदासम्म द्वन्दकालमा भएका हत्या, वलात्कार, अपहरणलगायत अपराधको छिनोफानो प्रचलित कानुन र अदालतबाटै हुने फैसला गरिदियो । त्यसैवीच सशस्त्र द्वन्द्वकालमा भएका ‘हत्या, व्यक्ति बेपत्ता, यातना, बलात्कारलगायत गम्भीर अपराधमा क्षमादान नहुने’ प्रावधानसहित सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोग गठन गर्न विशेषज्ञ कार्यदलले सरकारलाई सुझाव दिएपनि त्यो प्रतिवेदन सर्वसम्मत हुन सकेन । एमाओवादीले सत्यनिरुपण तथा मेलमिलाप र बेपत्ता छानबिन आयोग गठनसम्बन्धी विधेयकको मस्यौदामा असहमति जनाउँदै ‘गम्भीर मानवअधिकार उल्लंघनका घटनामा क्षमादानको व्यवस्थालाई लचकतासाथ राख्न’ माग गर्‍यो । कांग्रेस र एमाले भने यसको विपक्षमा देखिए । यद्यपी, चैत २६ मा सरकारले सर्वोच्चको आदेश र अन्तर्राष्ट्रिय कानुनी मान्यताविपरीतका प्रावधान उल्लेख गर्दै सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक

[10] दुलाल, दुर्गा । सर्वोच्चलाई आठ स्थायी न्यायाधीश सिफारिस । वैशाख १०, २०७१ । नागरिक दैनिक ।

छानबिन आयोग गठन विधेयक संसदमा दर्ता गरायो । वैशाख २ मा राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले पनि संसदमा दर्ता गरिएको विधेयकमा जघन्य अपराधमा पनि आयोगले नै आममाफी दिनसक्ने प्रावधान राखिएकोमा गम्भीर चिन्ता प्रकट गऱ्यो । तर, वैशाख १२ मा सत्तारुढ नेपाली कांग्रेस र नेकपा एमालेका अधिकांश सभासदको तीव्र विरोधबीच सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोग गठनका लागि सरकारले व्यवस्थापिका संसदमा पेस गरेको विधेयक संशोधनसहित बहुमतले पारित गऱ्यो । विधेयक पारितसँगै सत्य निरुपण तथा मेलमिलाप आयोग गठनको बाटो खुल्ला भयो ।

## मुख्य राजनीतिक घटनाक्रम

**चैत्र १७, २०७०:**

- संवैधानिक परिषदद्धारा सर्वोच्च अदालतमा कायममुकायम प्रधानन्यायधीश दामोदर शर्मालाई प्रधानन्यायधीशमा नियुक्तिका लागि सिफारिस ।

**चैत्र १९:**

- सर्वोच्च अदालतद्धारा सत्य निरुपण तथा मेलमिलाप आयोग नबनुन्जेल द्धन्दकालमा भएका हत्या, वलात्कार, अपहरणलगायत अपराधको छिनोफानो प्रचलित कानुन र अदालतबाटै हुने फैसला ।

**चैत्र २०:**

- एमाओवादीद्धारा संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको सभापतिमा वरिष्ठ नेता बावुराम भट्टराईलाई पठाउने निर्णय ।
- तिब्बती शरणार्थीमाथि दमन गरेको भन्ने अन्तराष्ट्रिय मानवअधिकारवादी संस्था ह्यमेन राइट वाचको प्रतिवेदनप्रति नेपाल सरकारको कडा आपत्ति ।

**चैत्र २१:**

- आगामी माघ ८ गतेभित्रै नयाँ संविधान निर्माण गर्ने गरी संकल्प र प्रतिवद्धतासहितको कार्यतालिका संविधानसभाबाट पारित ।
- नेपाल मजदुर किसान पार्टीको छैटौ महाधिवेशन सुरु ।

**चैत्र २४:**

- राप्रपा र माले सरकारमा ।
- नेपाल मजदुर किसान पार्टीको अध्यक्षमा नारायणमान विजुक्छे छैटौपटक पनि निर्वाचित ।

**चैत्र २५:**

- प्रधानमन्त्री सुशील कोइरालाद्धारा उच्चस्तरीय राजनीतिक संयन्त्र आवश्यक नरहेको अभिव्यक्ति सार्वजनिक ।
- कांग्रेस, एमाले र एमाओवादीवीच सत्य निरुपण तथा मेलमिलाप आयोगको कारवाही अधिकारवारे मतभेद । कारवाहीको प्रावधान मस्यौदामा उल्लेख गर्नुपर्ने अडानमा एमाले, कारवाही गर्ने वा माफी दिने अधिकार आयोगलाई दिनुपर्ने पक्षमा कांग्रेस र एमाओवादी ।

**चैत्र २६:**

- सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता व्यक्तिको छानविन आयोग बनाउन मन्त्रीपरिषदले विधेयक पारित गरी संसदमा पेस ।

**चैत्र २७:**

- कामु प्रधानन्यायधीश दामोदर शर्माको संसदीय सुनुवाई विशेष समितिमा सुनुवाई । न्यायपालिकाको समग्र छवि र कार्यसम्पादन क्षमताप्रति संसदहरुद्धारा व्यापक आलोचना ।

- मन्त्रीपरिषदद्धारा २२ सचिवको सरुवा ।

**चैत्र २८:**

- दामोदर शर्मा प्रधानन्यायधीशमा नियुक्त ।

**वैशाख २, २०७१ :**

- एमाले वरिष्ठ नेता माधव कुमार नेपालद्धारा अध्यक्षमा उठने घोषणा ।

**वैशाख ३:**

- एमाओवादीद्धारा कृष्णप्रसाद अधिकारी हत्याका अभियुक्तविरुद्ध मुद्दा चलाएको विरोधमा संसद अवरुद्ध ।

**वैशाख ८:**

- प्रधानमन्त्री सुशील कोइरालाद्धारा सरकार संचालनका अप्ठयारा थाहा पाएपनि यो र त्यो भएन भन्ने पार्टी कार्यकर्तालाई सभापति र प्रधानमन्त्री पदबाट आफुलाई हटाएर देखाउन सार्वजानिक कार्यक्रममार्फत नै चेतावनी ।

**वैशाख ९:**

- न्याय परिषदको वैठकद्धारा सर्वोच्चमा रिक्त न्यायधीशमा आठ जनाको नाम सिफारिस । सिफारिस हुनेमा वैद्यनाथ उपाध्याय, गोपाल पराजुली, दीपकराज जोशी, गोविन्दकुमार उपाध्याय, ओमप्रकाश मिश्र, देवेन्द्रगोपाल श्रेष्ठ, चोलेन्द्रशम्शेर राणा र जगदीश शर्मा पौडेल ।

- गम्भीर मानवअधिकार उल्लंघनका द्वन्दकालिन घटनामा मुद्धा चलाउने/नचलाउने तजवीजी अधिकार महान्यायधिवक्तालाई दिन नहुने भन्दै संसदमा विचाराधीन वेपत्ता भएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि संशोधन प्रस्ताव ।

**वैशाख १०:**

- वेपत्ता भएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक परिमार्जन गर्न प्रमुख तीन दलवीच सहमति । आयोगको सिफारिसमा सरकारले चलाउने द्वन्दकालिन घटनाको मुद्दा हेर्ने गरी विशेष अदालत बनाउने सहमति ।

**वैशाख १२:**

- वेपत्ता भएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संसदबाट पारित ।

- संविधानसभाका सबै सभासदहरुलाई निर्वाचन क्षेत्र विकास कार्यक्रममार्फत १०/१० लाख रुपैयाँ खर्च गर्न दिने निर्णय ।

**वैशाख १३:**

- एमाओवादी अध्यक्ष पुष्पकमल दाहालद्धारा काठमाडौं जिल्ला सम्मेलनको उद्घाटन गर्दै पदमात्र खोज्नेहरुलाई पार्टी छाडेर जान चेतावनी ।

**वैशाख १५:**

- नेपाल वार एसोसियसनले विवादास्पद छवि भएकालाई सिफारिस गर्ने न्याय परिषदका पदाधिकारीलाई जवाफदेही बनाउन संसदलाई आग्रह ।

**वैशाख १६:**

- विवादित न्यायधीशले न्याय दिन नसक्ने उल्लेख गर्दै सांसदहरुद्धारा सर्वोच्च अदालतमा न्यायधीशका लागि भएको सिफारिस सच्याउन माग ।